# मंगलसेन राजपत्र

## मंगलसेन नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८) संख्या .... मितिः २०८१ असार १३


# भाग -१

### मंगलसेन नगरपालिकाको सूचना

मंगलसेन नगरपालिकाकोको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७४, को दफा (७) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

मंगलसेन नगरपालिकाको विनयोजन विधेयक विधेयक २०८१

प्रस्तावना : आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि मंगलसेन नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

मंगलसेन नगरपालिका नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “मंगलसेन नगरपालिको विनियोजन ऐन,२०८१” रहेको छ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि लागु हुनेछ।

२. परिभाषाः (क) “नगर सभा” भन्नाले मंगलसेन नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले मंगलसेन नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) “वडा समिति” भन्नाले मंगलसेन नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

(घ) “विषयगत शाखा” भन्नाले मंगलसेन नगरपालिका अन्तर्गतको शाखा, उपशाखा, ईकाइ सम्झनु पर्दछ।

(ङ) “सञ्चित कोष” भन्नाले मंगलसेन नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

(च) “अन्य निकाय” भन्नाले नगरपालिका मातहतका विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्था वाहेकका निकाय (विद्यालय, क्याम्पस, अस्पताल, सरकारी तथा गैरसरकारी संघ संस्था, सहकारी लगायत अन्य निकाय)

३. आर्थिक वर्ष २०८१/०८२को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ बमोजिम चालू खर्च र पूँजिगत खर्च रकम समेत गरी जम्मा रकम ६१,०३,५५,०००.०० (अक्षेरुपी रुपैयाँ एकसट्ठी करोड तिन लाख पच्पन्न हजार रुपैँया मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४ . विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त मंगलसेन नगरपालिका, अछामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदाफा(२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रवतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनैछ।

(ख) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज

भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(५) नगरपालिका अन्तर्गत तथा निकायलाई दिईने अनुदान संख्यामा विनियोजित भएको अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुनेछैन।

५. अन्य निकाय अनुदानः (१) अन्य निकाय लाई विनियोजन गरिएको अनुदान रकम संस्थाको नियमानुसार खर्चगर्न पाउने गरि हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम विनियोजन गरिएको अनुदान त्यस्तो निकायको कार्यसम्पादनको आधारमा तेस्रो त्रैमासिकमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई प्राप्त बजेट सिमा अनुरुप संघीय तथा प्रदेश तर्फको अनुदान प्राप्त नभएमा तथा  लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेमा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट र राजस्व संकलनको आधारमा कार्यपालिकाले ऐनको यस दफा बमोजिम विनियोजित बजेटलाई पुनः निर्धारण वा कटौती गर्न सक्नेछ।

६. योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः

(१) यस ऐन बमोजिम अन्य कुनै निकायबाट कार्यान्वयन हुने गरि वा साझेदारीमा कार्यान्वयन हुने गरि रकम विनियोजन भएको कुनै

योजना वा कार्यक्रम भए कार्यक्रम कार्यन्वयन निर्देशिकामा खुलाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

७. लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम विनियोजित रकमको प्रचलित कानूनले तोके बमोजिमको लेखा राखि नगरपालिकाको आन्तरिक लेखापरिक्षकबाट आन्तरिक लेखापरीक्षण र महालेखा परिक्षकबाट अन्तिम लेखापरिक्षण गराउनु पर्नेछ,

तर नगरपालिकाको आन्तरिक लेखा परिक्षकको पद लोकसेवा आयोगबाट पदपूर्ति नभई वा अन्य कारणले रिक्त भएमा, आन्तरिक लेखा परिक्षक अध्ययन विदा वा असाधारण विदमा रहि पद रिक्त भएमा नगरपालिका आन्तरिक लेखापरीक्षण गर्न बाध्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा(५) बमोजिमा विनियोजित रकमको लेखापरीक्षण संघीय कानून द्वारा सम्बन्धीत निकायको लागि तोकेबमोजिम हुनेछ। सम्बन्धित निकायले तोकिए बमोजिम लेखापरीक्षण गराई आर्थिक वर्ष

समाप्त भएको पहिलो चौमासिक भित्र उक्त लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा बुझाउनु पर्नेछ।

८. वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागु गरिनेछ

९. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

१०. निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः (१) यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको कार्यविधि, निर्देशिका तथा मापदण्ड मंगलसेन नगरपालिकाको राजपत्रमा गर्नुपर्नेछ।

(३) यस ऐनको कार्यान्वयनको लागि बनाईएका कार्यविधि, निर्देशिका तथा मापदण्ड चालु आर्थिक वर्षमा संशोधन भएमा बाहेक एक आर्थिक वर्षको लागि मान्य हुनेछ।

१०. आदेश जारी गर्न सक्नेः (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय गरि आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा(१) बमोजिमको आदेश मंगलसेन नगरपालिकाको राजपत्रमा प्रकाशन गरिनेछ।

११. विविधः (१) नगरपालिकाको विनियोजन ऐन पारित भईसके पश्चात संङ्घीय तथा प्रदेश सरकारबाट नगरपालिकालाई स्रोतको रुपमा प्रस्तावित वित्तीय अनुदानको रकम थपघट भएमा आर्थिक प्रशासन शाखाले त्यसरी थपघट भएको रकमको लेखा राखी कार्यपालिकालाई जानकारी गराउनेछ।

(२) नगरकार्यपालिकाले उपदफा (१) बमोजिम प्रतिवेदनमा नगरपालिकालाई प्राप्तहुने रकम घटेमा सम्बन्धीत विषयगत शाखान तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा थप कार्यक्रमहरु प्रस्ताव गर्न लगाई खर्चगर्ने अख्तियारि दिनेछ।

(३) अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकालाई प्राप्त हुने संङ्घीय तथा प्रादेशिक अनुदान प्राप्त बजेट सिलिङ बमोजिम, नगरपालिकाको राजस्व अनुमान गरेबमाजिम संकलन नभएमा नगरकार्यपालिकाले यस ऐन बमोजिम विनियोजन गरिएका शिर्षकहरुमा रकम संशोधन तथा कटौती गर्न सक्ने र यसरी संशोधन तथा कटौती भएको वजेट तथा कार्यक्रम सम्बन्धीत शाखा तथा निकायलाई जानकारी गराईनेछ।

मंगलसेन नगरपालिका

अनुसूची -१

मंगलसेन नगरपालकाका

नगरकार्यपालिकाको कार्यालय, अछाम

आय व्ययको विवरण

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | ५७५६२७ | ५८८६८७ | ६१०३५५ |
| राजस्व | १०९२३९ | १३६३३८ | १३९५७७ |
| आन्तरिक श्रोत | ११२११ | १२३४५ | ९००० |
| ११११३१ सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने | ३००० | | |

| | | | |
|---|---|---|---|
| कर | | | |
| ११३१३ सम्पती कर | १८१८ | १६५० | १३०० |
| ११३१७ वहाल कर | ९४४ | ७५० | ७५० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३५०० | २४०० |
| १४२२४ परीक्षा शुल्क | १९ | ५० | ५५ |
| १४२४२ नक्सापास दस्तुर | २११ | ५५० | ५५० |
| १४२४३ सिफारिश दस्तुर | ७५१ | ७०० | ७०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५७१ | ४०० | ४०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २५ | ४५ | ४५ |
| १४२४९ अन्य दस्तुर | २६६९ | ३२०० | १९०० |
| १४६११ व्यवसाय कर | १२०० | १५०० | ९०० |



मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९८०२७ | १२३९९३ | १३०५७७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६६७९५ | ११७०९९ | ९११८१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २५००४ | ० | ३३११८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६१२३ | ६८९४ | ६२७७ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | १०३ | | |
| अन्य आय | ० | ० | ० |
| १५१११ बेरूजू | ० | ० | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४६६३८८ | ४५२३४९ | ४६१८६८ |

| | | | |
|---|---|---|---|
| संघीय सरकार | ४५२८४३ | ४२९८७० | ४३८६८८ |
| १३३११ समानिकरण अनुदान | ११३६८२ | १०७६०० | १०५८०० |
| १३३१२ शसर्त अनुदान चालु | २७९७४६ | २९७६८४ | ३०२३८८ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३७४१४ | १०५८६ | ११००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८००० | ८५०० | ९००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १४००० | ५५०० | १०५०० |
| प्रदेश सरकार | १३५४५ | २२४७९ | २३१८० |
| १३३११ समानिकरण अनुदान | ८५१५ | ८९७९ | ९४३० |
| १३३१२ शसर्त अनुदान चालु | ० | ५५० | ५५० |
| १३३१३ शसर्त अनुदान | ० | ४९५० | २७०० |



मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| पुँजीगत | | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | २५०० | ८००० | ८००० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २५३० | ० | २५०० |
| बैदेशिक | ० | | |
| जनसहभागिता | ० | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | ० | | |
| व्यय | ५७४२३२ | ६३०१७० | २९३५१७ |
| चालु | ४२२७२९ | ४९१७७६ | ४९९३४१ |
| २११११ पारिश्रमिक कर्मचारी | २००३९९ | २४६५९९ | २८७८६८ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ११०६५ | १६०४२ | ० |
| २११२१ पोशाक | ५२० | १२३० | ८७५ |

| | | | |
|---|---|---|---|
| २११२३ औषधीउपचार खर्च | ९९ | १०० | २०० |
| २११३१ स्थानीय भत्ता | ४४७४ | ६१२८ | ३००० |
| २११३२ महंगी भत्ता | १३७० | २२३२ | १२०० |
| २११३३ फिल्ड भत्ता | १२५२ | १५५० | १२०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८४९ | १४२० | ८५० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५ | २०० | १०५० |
| २११३९ अन्य भत्ता | १६९५ | ३९८१ | १३०५ |
| २११४१ पदाधिकारी बैठक भत्ता | २६२७ | ३३७५ | ३३०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ० | १३०० | १४००० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा | ० | १२०० | १२०० |

| | | | |
|---|---|---|---|
| उपदान कोष खर्च | | | |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | १००० | ६०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ५० | ० | ५० |
| २२१११ पानी तथा बिजुली | २७९ | १२०० | ६७० |
| २२११२ संचार महसुल | १०२५ | ३५५० | ३०२० |
| २२२११ इन्धन (पदाधिकारी) | १६०० | ६५० | १७२६ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३६१९ | १२०० | १७५० |
| २२२१३ सवारी साधन मर्मत खर्च | २३४० | २५०० | २५०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २०६४ | १२०० | १२०० |

| | | | |
|---|---|---|---|
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २८३३ | ३७०० | ३५५० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ० | ० | ४०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ११३३८ | ६८४३ | ९१८५ |
| २२३१२ पशुपंक्षीहरूको आहार | ० | ५० | २०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ९९ | १००० | १४७१ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ० | १६०० | १९५० |
| २२३१५ पत्रपत्रिका छपाई तथा | २६११ | २७१५ | २१८५ |

| | | | |
|---|---|---|---|
| सूचना प्रकाशन खर्च | | | |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ७३९२ | १३३४५ | ३४०० |
| २२४११ सेवा र परामर्श खर्च | ४१५९ | २९४३२ | १००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००७ | ० | ७०० |
| २२४१३ करार सेवा शुल्क | ३७७२९ | ६२५२ | २८८५० |
| २२४१९ अन्य सेवा शुल्क | ३७ | ३५० | १०० |
| २२५११ कर्मचारी तालिम खर्च | १५०७ | ५०० | ११०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १३३० | ७८४९ | ७६६५ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ४७० | ३०० | ४० |



मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | ३३३२५ | २६११३ | ९०५५ |
| २२५२९ विविध कार्यक्रम खर्च | ३३३४ | ८१०५ | ६५८२ |
| २२६११ अनुगमन मूल्यांकन खर्च | १२३७ | ३५६२ | १२२५ |
| २२६१२ भ्रमण खर्च | १६५४ | १८३८ | १०७५ |
| २२६१९ अन्य भ्रमण खर्च | ० | ० | २०० |
| २२७११ विविध खर्च | ३०८४ | १९७७ | २०७० |
| २२७२१ सभा सञ्चालन खर्च | ७९९ | ८०० | ११३० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ६२६२८ | ६१४१४ | ७०१ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १४९३ | १२०० | १३७५ |
| २५३१४ धार्मिक तथा | ६९ | ७०० | १०० |



मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| सांस्कृतिक संस्था सहायता | | | |
| २५३१५ अन्य सस्था सहायता | ४९९ | २६४५ | २५ |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ० | ० | ११० |
| २६४२३ अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | ० | ५० | ० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ० | ६३४ | २८० |
| २७२११ छात्रवृत्ति | ५७२ | २८४४ | ३५०० |
| २७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च | १८१३ | १९४९ | ७३० |
| २७२१३ औषधीखरिद खर्च | ४९०१ | ५६३१ | ५१०० |
| २७२१९ अन्य सामाजिक सहायता | ७१५ | ६०० | ९८६ |

मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| २८१४१ जग्गाको भाडा | ३० | १२० | १२० |
| २८१४२ घरभाडा | ६२४ | ७०० | ७०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ८९ | ३०० | ४०० |
| २८१४९ अन्य भाडा | ० | ० | १२० |
| पूंजीगत | १५१५०३ | १३८३९४ | १११२७७ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १५६६८ | ३८२३६ | ० |
| ३११११२ गैर आवासीय भवन निर्माण/खरिद | ७१६१ | ० | ९००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १४४६ | ४०० | ३७० |
| ३१११४ जग्गा विकास कार्य | ० | ० | २३०० |

मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| ३११२१ सवारी साधन | ३१ | ५९०० | २५०० |
| ३११२२ मेशिनरी तथा औजार | ५२७५ | १९७३ | १६३० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५७५ | ९५० | ७९० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ० | ० | ११० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | ५०० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ७०० | ० | ३०० |
| ३११५१ सडक तथा पूल निर्माण | ३४८२६ | ४५१४० | ४१६६० |
| ३११५२ रेलमार्ग तथा हवाई मैदान निर्माण | ० | ० | २०० |
| ३११५३ विद्युत संरचना | ३९४८ | २०९२ | १९०० |

| | | | |
|---|---|---|---|
| निर्माण | | | |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ९०० | ११०० | ३०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ३४२४ | ५४६० | ११२१५ |
| ३११५६ खानेपानी संरचना निर्माण | १५८६४ | १४४५५ | ४६०५ |
| ३११५८ सरसफाई संरचना निर्माण | २७९८ | ९६० | ९३२ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५५३३४ | २०९०३ | २५६२५ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १३९ | ३२५ | १०० |
| ३११७१ पूँजीगत सुधार खर्च | ३४०८ | ० | ७२९० |

मंगलसेन नगरपालिका

| | | | |
|---|---|---|---|
| सार्वजनिक निर्माण | | | |
| ३१४११ जग्गाप्राप्ति खर्च | ० | ० | ४५० |
| बजेट बचत (+)/न्यून | १३९५ | -४१४८३ | ३०७९२८ |
| गत वर्षको नगद मौज्दात | | ४१४८३ | ८९१० |

**आज्ञाले**

खकेन्द्र बहादुर सोडारी

नि. प्रमुख प्रशासकीय अधिकृत

मंगलसेन नगरपालिका